अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८१।१२।२८ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी छविरमण अधिकारीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **प्रतिवादीहरु साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि.का लागि नागरिक लगानी कोषका प्रतिनिधी सञ्चालक छविरमण अधिकारी, साविक रोयल मर्चेण्ट बैंकिङ एण्ड फाईनान्स लि. का संचालक अध्यक्ष बसन्त मल्ल** समेतका प्रतिवादीहरु उपर नागरिक लगानी कोषको समेत लगानी रहेको रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडबाट एन.बि.डि.एस. सुपरमार्ट प्रा.लि.का सञ्चालक अनोज श्रेष्ठलाई बैंकिङ प्रक्रिया विपरित प्रवाह भएको कर्जा स्वीकृत गर्ने कार्यमा संलग्न रही रु.३,८७,९४,७२४।५४ हिनामिना तथा हानिनोक्सानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुरुपको कसुरमा रु.३,८७,९४,७२४।५४ बिगो कायम गरी उक्त बिगो ऐ. दफा १७ बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैक लि.लाई भराई सोही दफा १७ मा उल्लेख भएबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद समेत हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८०।११।१० को फैसलाबाट सफाई दिएकोमा उपरोक्त फैसलाउपर मिति २०८१।१२।२८ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल